# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, साउन २४ गते २०५१ साल (अतिरिक्ताङ्क २० (क)

## भाग ३

### निर्वाचन आयोगको सूचना

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा १६ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो सूचना प्रकाशित गरेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक संगठन वा दलले निर्वाचन आयोगद्वारा निर्धारित गरिएको कार्यविधि अनुसार सो आयोगको कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्ने व्यवस्था भएको हुनाले प्रतिनिधि सभाको सदस्यको लागि हुने आगामी निर्वाचनको सन्दर्भमा यस आयोगबाट निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक संगठन वा दलले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो नाम दर्ता गराउन देहाय बमोजिमको रीत पु-याई यस आयोगको कार्यालय कान्तिपथ, काठमाडौंमा निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम (आगामी आम निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक संगठन वा दलहरूले यो सूचना बमोजिम निवेदन दिनु पर्नेछ । यस सम्बन्धमा यो पनि स्पष्ट गराइन्छ कि प्रतिनिधि सभाको सदस्यको लागि भएको पहिलो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचनको समयमा यस आयोगमा दर्ता भइराखेका राजनैतिक संगठन वा दलले पनि यो सूचनाको रीत पु-याई दर्ता गराउनु पर्नेछ ।

२. यो सूचना बमोजिम दर्ता गराउन चाहने प्रत्येक राजनैतिक संगठन वा दलले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) बमोजिम अन्य कुराहरूका अतिरिक्त देहायको शर्तहरू पनि पूरा गर्नु पर्नेछ ।

(क) सो संगठन वा दलको विधान र नियम प्रजातान्त्रिक हुनु पर्छ ।

(ख) सो संगठन वा दलको विधान वा नियममा कम्तीमा पाँच वर्षको एक पटक संगठन वा दलका पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था भएको हुनु पर्छ ।

(ग) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११४ बमोजिम प्रत्येक राजनैतिक संगठन वा दलले प्रतिनिधि सभाको सदस्यको लागि भएको अघिल्लो निर्वाचनमा आफ्मा उम्मेदवारहरू मध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार उठाएको हुनु पर्ने तथा आगामी निर्वाचनमा समेत उठाउनु पर्नेछ ।

(घ) प्रतिनिधि सभाको लागि भएको अघिल्लो निर्वाचनमा खसेको जम्मा मतको तीन प्रतिशत मत प्राप्त गरेको हुनु पर्नेछ ।

३. माथि क्रमसंख्या १ बमोजिम दिइने निवेदनपत्रमा देहायका कुराहरू पनि खुलाउनु पर्नेछ

(क) राजनैतिक संगठन वा दलको नाम,

(ख) केन्द्रीय कार्यकारिणी समिति वा अन्य कुनै नामले सम्बोधित केन्द्रीय कार्यालयको पदाधिकारीहरू र सदस्यहरूको स्पष्ट नाम र ठेगाना,

(ग) केन्द्रीय कार्यालय रहेको ठेगाना र फोन नम्वर भएमा सो समेत ।

४. माथि क्रमसंख्या १ बमोजिम दिइने निवेदनको साथमा देहायका कुराहरू पनि पेश गर्नु पर्नेछः–

(क) आफनो संगठन वा दलको विधान, नियमावली,घोषणापत्र, चिन्ह र झण्डा।

(ख) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (ग) र (घ) मा उल्लेख भए बमोजिमका शर्तहरू पालना भएको विवरण ।

५. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) बमोजिमको शर्त पूरा गरेका यो सूचना अनुसार निवेदन दिने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजनैतिक संगठन वा दलहरूलाई निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त दलको रूपमा दर्ता गरिने छ र यस्ता राजनैतिक संगठन वा दलहरूको लागि खण्ड ४० मिति २०४७।११।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना २ बमोजिम प्रदान गरिएका निर्वाचन चिन्हहरू नै आगामी निर्वाचनको लागि पनि संरक्षित रहनेछन् ।

६. प्रतिनिधि सभाको सदस्यको लागि भएको पहिलो निर्वाचन भन्दा पछि स्थापना भएका राजनैतिक संगठन वा दलहरूमध्ये कसैले यो सूचना अनुसार आफ्नो नाम दर्ता गराउन चाहेमा त्यस्ता संगठन वा दलको सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा भयो वा भएन भन्ने कुरा निर्वाचनको परिणाम निस्केपछिको अवस्थामा मात्र हेर्न सकिने भएको हुनाले यस्ता राजनैतिक संगठन वा दलहरूले यो सूचना अनुसारको अन्य योग्यता पूरा गरेमा तिनीहरूलाई पनि निर्वाचनको प्रयोजनको लागि मान्यता नपाएको राजनैतिक संगठन वा दलको रूपमा दर्ता गरिने हुनाले यो सूचनाको रीत पु-याई निवेदन दिनु पर्नेछ ।

७. प्रतिनिधि सभाको सदस्यको लागि भएको पहिलो निर्वाचनमा भाग लिएता पनि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा गर्न नसकेका राजनैतिक संगठन वा दलहरू र उक्त पहिलो निर्वाचनको समयमा यस आयोगमा दर्ता भएको तर निर्वाचनमा भाग नलिएको कारणबाट संविधानको धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा गर्न नसकेका राजनैतिक संगठन वा दलहरूलाई निर्वाचनको प्रयोजनको लागि मान्यता नपाएको राजनैतिक संगठन वा दलको रूपमा दर्ता गरिनेछ ।

८. यस आयोगबाट खण्ड ४० मिति २०४७।११।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना २ अनुसार राजनैतिक संगठन वा दलहरूलाई प्रदान गरिएको निर्वाचन चिन्हहरूमध्ये प्रतिनिधि सभाको सदस्यको लागि भएको पहिलो निर्वाचनमा भाग लिई वा नलिई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा गर्न नसकेका राजनैतिक संगठन वा दलहरूलाई दिइएका निर्वाचन चिन्हहरूलाई यस आयोगबाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४० को उपदफा (१) बमोजिम खण्ड ४० मिति २०४७।११।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना अनुसार स्वतन्त्र उम्मेदवारहरूको निमित्त निर्धारण गरिएको निर्वाचन चिन्हहरूको समूहमा समावेश गरिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रतिनिधि सभाको सदस्यको लागि भएको पहिलो निर्वाचनमा भाग लिएता पनि नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ११३ को उपधारा(२) को खण्ड (घ) को शर्त पूरा गर्न नसकेका राजनैतिक संगठन वा दलहरू र उक्त पहिलो निर्वाचनको समयमा यस आयोगमा दर्ता भएको तर निर्वाचनमा भाग नलिएको कारणबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त पूरा गर्न नसकेका राजनैतिक संगठन वा दलहरुलाई स्वतन्त्र उमेदवारहरूको निमित्त निर्धारण गरिएको निर्वाचन चिन्हहरूको समूहबाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४० को उपदफा (९)बमोजिम यस आयोगले तोकिदिए अनुसार चिन्ह प्रदान गरिनेछ ।

१०. प्रतिनिधि सभाको सदस्यको लागि भएको पहिलो निर्वाचनभन्दापछि स्थापना भएका राजनैतिक संगठन वा दलहरुलाई स्वतन्त्र उमेदवारहरूको निमित्त निर्धारण गरिएको निर्वाचन चिन्हहरूको समूहबाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४० को उपदफा (९)बमोजिम यस आयोगले तोकिदिए अनुसार चिन्ह प्रदान गरिनेछ ।

११. कुनै राजनैतिक संगठन वा दल धर्म, सम्प्रदाय, जात जाति वा क्षेत्रियताको आधारमा गठन भएको रहेछ भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११२ को उपधारा (३) अनुसार यस आयोगले राजनैतिक संगठन वा दलको रूपमा मान्यता दिने छैन ।

१२. कुनै राजनैतिक संगठन वा दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनैतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा धार्मिक, साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा(३) बमोजिम यस आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन ।

आज्ञाले,
टेकबहादुर थापा
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।